## भारतले खेल...

पृष्ठ १ बाट क्रमशः

तहल्का मच्चाएका भारतीय कप्तान रोहित शर्मा र सुभमन गिलले एक सय ४५ रनको लक्ष्य विनाविकेट क्षतिमा पूरा गरे । भारतले दुई सय ३१ रनको लक्ष्य पछ्याउँदा वर्षा भयो । २.१ ओभरमा भारत १७ रन बनाएर खेलिरहँदा खेल करिब एक घन्टा रोकिएको थियो । पुनः सुरु भएको खेलमा भारतले एक सय ४५ रनको नयाँ लक्ष्य पाएको हो ।

कप्तान रोहित र सुभमनले सानदार प्रदर्शन गर्दै नेपालविरुद्ध १७ बलअघि जित निकालेका थिए । रोहितले ५९ बलमा ६ चौका र पाँच छक्काका साथ ७४ रन बनाए । सुभमनले ६२ बलमा आठ चौका र एक छक्कासहित ६७ रन बनाए । करण केसी, सोमपाल, ललित राजवंशी, सन्दीप लामिछाने, दीपेन्द्र, कुशल मल्ल र गुल्सन झा भारतविरुद्ध विकेटविहीन भए ।

नेपाली कप्तान रोहित पौडेलले मध्यक्रममा ब्याटिङ राम्रो हुन सकेको भए खेल नेपालको पक्षमा आउने सम्भावना रहेको बताए । 'दुवै ओपनरले धेरै राम्रो खेले । मध्यक्रममा राम्रो हुन सकेन । हामीले अझै राम्रो गर्न सक्थ्यौं । थप ३०-४० रन बढाउनुपर्थ्यो । २६०-२७० सम्म पुगेको भए खेल हाम्रो पक्षमा आउन सक्थ्यो,' उनले भने । खेलपछि भारतीय कप्तान रोहित शर्माले पनि नेपालले सुरुमा आफूहरूलाई दबाबमा राखेको प्रतिक्रिया दिए । 'नेपालविरुद्ध हामी सुरुमा केही दबाबमा पर्‍यौं । बिस्तारै आफ्नो लय फर्काउन सफल भएका थियौं । नेपालविरुद्ध बलिङ राम्रो भए पनि फिल्डिङमा चुक्यौं,' उनले भने ।

नेपालले टेस्ट राष्ट्रसँग खेलको यो पाँचौंपटक हो । समूह 'ए'को अघिल्लो खेलमा पाकिस्तानविरुद्ध खेलेको थियो । यसअघि विश्वकप छनोटमा जिम्बाबे, वेस्टइन्डिज र आयरल्यान्डसँग खेलिसकेको छ । सबै टेस्ट प्रतिद्वन्द्वीसँगका खेलमा नेपालले हारको सामना गर्‍यो ।

### आसिफको अर्धशतक

श्रीलंकाको क्यान्डीमा टस हारेर ब्याटिङ गरेको नेपालको इनिङ्मा ओपनर आसिफले अर्धशतक बनाएका छन् । आसिफले ९७ बलमा आठ चौकासहित ५८ रन जोडेर पेभिलियन फर्किए । यसअघि आसिफले ८८ बलमा सात चौकासहित ५० रन पूरा गरेका थिए । आरिफको खेल करिअरकै दशौं अर्धशतक हो । यसअघि नेपालका लागि आसिफले व्यक्तिगत एक शतकसहित नवौं अर्धशतक बनाएका छन् । सन् २०२१ मा पपुवा न्युगिनीविरुद्ध उनले एकदिवसीय खेलमा डेब्यु गरेका थिए । आसिफको व्यक्तिगत उच्च रन एक सय १० हो ।

### भारत सुपर फोरमा

कप्तान रोहित र शुभमन गिलको सानदार प्रदर्शनसँगै भारत सुपर फोरमा प्रवेश गरेको छ । यसअघि पनि वर्षाले खेल प्रभावित भएपछि भारतले पाकिस्तानसँग अंक बाँडेको थियो । समूह 'ए'बाट पाकिस्तान विजेता र भारत उपविजेता बन्दै अन्तिम चारमा प्रवेश गरेका हुन् । भारत र पाकिस्तानको समान तीन अंक भए पनि नेट रनरेटमा पाकिस्तान माथि छ । नेपाल भने विनाअंक प्रतियोगिताबाट बाहिरिएको छ । समूह 'बी'बाट भने सुपर फोरको टुंगो लागेको छैन । समूहमा बंगलादेश, श्रीलंका र अफगानिस्तान छन् ।

## भारतसँगको प्रदर्शन सर्वोत्कृष्ट

● **विनोद भण्डारी** (ब्याट्सम्यान)

पहिलोपटक भारत र पाकिस्तानसँग खेलेका छौं, यो हाम्रा लागि ठूलो अवसर हो । नेपाली टोलीले प्रदर्शन पनि राम्रो गरेको छ । स्कोर पनि दुई सय ३० रन राम्रो भयो । भारतसँग यत्तिको स्कोर निकाल्नु उत्कृष्ट प्रदर्शन हो । यसले हामीजस्तै अरू एसोसियट राष्ट्रलाई पनि हौसला मिल्छ । ब्याटिङमा खेलाडीले खुलेर खेलेका छन् । ओपनर कुशल भुर्तेलको इनिङ लामो हुन सक्थ्यो । आसिफले ५० रन हानेपछि अझै समय लिएको भए हुन्थ्यो । जसको फाइदा टिमलाई हुन्थ्यो । पाकिस्तानसँग पनि समग्रमा राम्रो भएको हो । बलिङअनुसार ब्याटिङमा राम्रो गर्न सकेनौं ।

## क्रिकेट खेल्छ भन्थे, राम्रो गर्‍यौं

● **उत्तम कर्माचार्य** (पहिलो कप्तान)

नेपालले पनि क्रिकेट खेल्छ र भन्ने सोच थियो । अब, राम्रो खेल्छ भन्ने छिमेकीलाई परेको छ । उनीहरूले पनि नेपाली क्रिकेट विकासमा सोच्नुहुन्छ । भारतविरुद्ध ब्याटिङ राम्रो भयो । नेपाल पनि राम्रो टोलीसँग खेल्न सक्छ भन्ने सन्देश गएको छ । नेपाली खेलाडीले राम्रो अवसर र अनुभव पनि बटुलेका छन् । नेपाली क्रिकेटको भविष्य विश्वभर राम्रो देखिएको छ । अब, पूर्वाधारमा ध्यान दिनुपर्छ ।

## विश्व क्रिकेटमा हामीले राम्रो छाप राख्यौं

● **पवन अग्रवाल** (पूर्वकप्तान)

पाकिस्तानसँगको भन्दा भारतविरुद्ध धेरै राम्रो खेलेका छन् । पाकिस्तानविरुद्ध ब्याटिङ राम्रो भएको थिएन । भारतविरुद्ध ओपनिङमा भाग्यशाली पनि रह्यौं । र, राम्रो पनि भयो । सोमपालले राम्रो प्रदर्शन गरे । कुनै पनि स्थितिमा राम्रो ब्याटिङ गर्न सक्छु भन्ने सन्देश दिएका छन् । सबै क्रिकेटविज्ञले नेपालले राम्रो खेलेको प्रतिक्रिया दिएका छन्, प्रशंसा गरेका छन् । विश्व क्रिकेटमा हामीले राम्रो सन्देश दिएका छौं ।

## हामी कम छैनौं भन्ने सन्देश गयो

● **शरद भेषवाकर** (ब्याट्सम्यान)

नेपाली खेलाडीले राम्रो खेले । अन्तर्राष्ट्रिय धेरै कमेन्टेटरले राम्रो भनेका छन्, खुलेर प्रशंसा गरेका छन् । पाकिस्तानविरुद्ध धेरै समय टिक्न सकेनौं । तर, भारतविरुद्ध जसरी खेलेको छ, मलाई लाग्छ धेरै सुधार भएको हो । भारतसँग खेल्दा प्रदर्शन गर्दा हामी कस्तो क्रिकेट खेल्छौं भन्ने थाहा भयो । हामी राम्रो खेल्न सक्छौं भन्ने सन्देश गएको छ । भारतका सिराज र सामीजस्ता बलरलाई जसरी खेल्यौं त्यसले विश्वका उत्कृष्ट बलरसामु हामी कम छैनौं भन्ने देखाएका छौं ।

## भारतको मन्त्रिपरिषद्ले...

पृष्ठ १ बाट क्रमशः

नेपाली विद्युत्का लागि भारतीय बजार निकै ठूलो मानिन्छ । नेपालमा विद्युत् उत्पादनको क्षमता जति छ, बजार त्यसको नगण्य मात्रामा छ । अहिले पनि नेपालको विद्युत् गइरहेको अवस्था छ । त्यसैले नेपाली बिजुलीका लागि भारतीय बजार अपरिहार्य छ । साथै, बढ्दो जलवायु परिवर्तनका लागि भारतलाई पनि नेपालको स्वच्छ बिजुलीको आवश्यकता बढ्दो छ । किनकि, भारतमा डिजेल र पावरप्लान्ट चलाउँदा वातावरण प्रभावित भएको छ । त्यसैले भारतलाई स्वच्छ ऊर्जाको प्रयोग बढाउनुपर्ने दबाब छ । सोहीअनुसार भारतले नेपालको विद्युत् किन्ने भन्दै आएको छ । तर, ठोस सम्झौता नहुँदा नेपाली बिजुलीको लागि भारतीय बजार दीर्घकालीन रूपमा सुनिश्चित भएको छैन । नेपाल र भारतबीच विद्युत् व्यापार गर्ने गरी सन् २०१४ मै सम्झौता भएको थियो । सोही आधारमा अहिले नेपालले भारतसँग अल्पकालीन रूपमा विद्युत् व्यापार गर्दै आएको छ । सन् २०१४ को सम्झौतापत्रमा दीर्घकालीन तथा मध्यकालीन विद्युत् व्यापारको परिकल्पना गरिएको थिएन ।

## लगातार...

पृष्ठ १ बाट क्रमशः

त्यसपछि रानामगरले इन्दु बर्मासँग दोस्रो विकेटका लागि अविजित साझेदारी गरिन् । अघिल्ला खेलमा खराब ब्याटिङ गरेकी इन्दु कतारविरुद्ध फर्ममा देखिइन् । उनले १२ बलमा तीन चौकाको सहयोगमा २० रन जोडिन् । रानामगरले २३ बलमा १७ रन बनाइन् । रानामगरले आफ्नो इनिङ्समा बाउन्ड्री प्रहार गर्न सकिनन् ।

कतारकी कप्तान आयषाले पाँच बलरलाई नेपालविरुद्ध बलिङ गर्न लगाइन् । जसमा पानायम मात्र सफल भइन् । उनले तीन ओभरमा २३ रन खर्चंदै एक विकेट लिइन् । रोचेलेले २.३ ओभरमा १६ रन दिइन् । यसैगरी, कप्तान आयषाले तीन ओभरमा १६ रन खर्चिइन् ।

**१० ओभरमै खेल नेपालको पक्षमा**

७५ रनको सामान्य लक्ष्य पछ्याएको नेपालले १०.३ ओभरमा एक विकेट गुमाउँदै जित निकालेको हो । नेपालको जितमा काजल श्रेष्ठले सर्वाधिक ३२ रनको योगदान गरिन् । उनले २८ बलमा चार चौकासहित ३२ रन जोडेकी हुन् । त्यस्तै, इन्दु बर्माले १२ बलमा तीन चौकासहित अविजित २० रनको योगदान गरिन् । सीता रानामगर २३ बलमा १७ रनमा अविजित रहिन् ।

**कतारको सामान्य योगफल**

यसअघि पहिलो ब्याटिङ गरेको कतारले गतिलो ब्याटिङ गर्न सकेन । नेपालकी कप्तान रुविना क्षेत्रीले कमजोर प्रतिद्वन्द्वीविरुद्ध सात बलर प्रयोग गरेकी थिइन् । अलराउन्ड प्रदर्शन गरेकी इन्दुले बलिङका क्रममा चार ओभरमा १० रन खर्चंदै सर्वाधिक तीन विकेट लिइन् । उनको इकोनोमी २.५० रह्यो ।

यसैगरी, पूजा महतोले तीन ओभरमा १६ रन खर्चंदै एक विकेट हात पारिन् । कविता जोशीले चार ओभरमा नौ रन दिँदै एक विकेट लिइन् । ईश्वरी विष्ट, रानामगर, खुसी डंगोल र रुविनाले विकेट लिन सकेनन् । कतारकी साची धडवालले ४४ बलमा एक चौकासहित सर्वाधिक २१ रन जोडिन् । एलिना खानले १५ रन, एन्जिली मारेले अविजित १४ तथा कप्तान आयषाले १० रन बनाएका थिए । कतारको ब्याटिङमा दुई खेलाडी डकआउट भएका थिए ।

## संविधान निर्माणको...

पृष्ठ १ बाट क्रमशः

संसद् विघटन, राजनीतिक दलभित्रको आन्तरिक कलह, सरकार फेरबदलका कारण अघिल्लो कार्यकालमा सदनमा पेस भएका २८ वटा विधेयक कानुन नबनी प्रतिनिधिसभाको कार्यकाल सकिँदा स्वतः निष्क्रिय भएका थिए । अध्ययन प्रतिवेदनले संघीय शिक्षा, संघीय प्रहरी, संघीय निजामती, एकीकृत जनस्वास्थ्य, महाभियोग, अदालतको अवहेलना, राष्ट्रपतिको कार्यसम्पादन र विधेयक प्रमाणीकरणसम्बन्धी, जनमतसंग्रहलगायत ३९ वटा कानुन तत्काल निर्माणका लागि अविलम्ब प्रक्रिया बढाउन सरकारले पहलकदमी लिनुपर्ने सुझाव दिएको छ ।

जसमा कानुनी सहायतासम्बन्धी, संघीय शिक्षा ऐन, जनस्वास्थ्य, नेपाल प्रहरी, संघीय निजामती, संघसस्था खोल्ने स्वतन्त्रतासम्बन्धी, सञ्चारको हकसम्बन्धी, सम्पत्तिको हक, अधिग्रहण र क्षतिपूर्तिसम्बन्धी, विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी, महिलाको हकसम्बन्धी, भूमिहीन दलितलाई एकपटकका लागि जग्गा र आवासविहीन दलितलाई बसोवासको प्रबन्धसम्बन्धी, महाभियोगसम्बन्धी कानुन छन् ।

यसैगरी, संघीय संसद्को सचिवालय सञ्चालनसम्बन्धी, संवैधानिक इजलास, इजलासमा न्यायाधीश र मुद्दा तोक्नेसम्बन्धी, संघीय न्याय सेवाका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तसम्बन्धी, प्रदेश न्याय सेवा आयोगको गठन र प्रदेश न्याय सेवाका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तसम्बन्धी, सरकारी वकिल तथा महान्यायाधिवक्ता कार्यालयमातहतका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तसम्बन्धी कानुन बनाउन सुझाव छ ।

यसबाहेक प्रदेश प्रमुखको अधिकार र अधिकारको प्रयोगसम्बन्धी, नेपाल विशेष सेवाको गठन तथा सञ्चालनसम्बन्धी, राष्ट्रपतिले सजायलाई माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्नेसम्बन्धी, विचार तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी, एकीकृत क्षतिपूर्तिसम्बन्धी, धार्मिकस्थल तथा धार्मिक गुठी सञ्चालन र गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवं गुठीको अधिकार र अन्य व्यवस्थासम्बन्धी कानुन बनाउन सुझाव छ ।

यसैगरी, सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्नेसम्बन्धी, राष्ट्रपतिको कार्यसम्पादन र विधेयक प्रमाणीकरणसम्बन्धी कार्यलाई थप स्पष्ट गर्ने सम्बन्धमा छुट्टै कानुन, प्रतिनिधिसभाको कार्यकाल थप हुनेसम्बन्धी, संसद्का सदस्यको शपथसम्बन्धी, संघीय संसद्को विशेषाधिकार र संसद्का सभाको अधिवेशन आह्वान र अन्त्यसम्बन्धी, कर लगाउनेसम्बन्धी एकीकृत कानुन बनाउन सुझाव छ ।

## बाँकी कानुनको...

पृष्ठ १ बाट क्रमशः

भएको तथ्यांक प्रस्तुत गरे । साथै, विभिन्न मितिमा जारी भएका केही नेपाल ऐनलाई संशोधन गर्ने ऐनबाट प्रचलित कानुनहरूलाई नेपालको संविधानअनुकूल बनाइएको उनको भनाइ थियो । संसद्मा सरकारले पेस गरेका विभिन्न १५ वटा विधेयक प्रक्रियामा रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले संघीय निजामती सेवा विधेयक, विद्यालय शिक्षासम्बन्धी विधेयकलगायतका महत्त्वपूर्ण विधेयक छिट्टै संसद्मा पेस गर्ने तयारी भइरहेको जानकारी गराए ।

प्रचण्डले नेपालको संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेका तथा विकास निर्माणका कार्यसँग सम्बन्धित कतिपय कानुनहरू निर्माणको प्रक्रियामा रहेको बताए । 'केही विधेयकहरू अघिल्लो प्रतिनिधि सभामा पेस भई सो सभाको कार्यकाल समाप्त भएका कारण स्वतः निष्क्रिय भएको हुँदा त्यसरी निष्क्रिय भएका विधेयकलाई पुनः संसद्मा पेस गर्नका लागि सरकारले आवश्यक गृहकार्य गरिरहेको छ,' उनले भने ।

नागरिकतासम्बन्धी कानुन प्रमाणीकरण भएर कार्यान्वयनमा आइसकेको, कानुनी सहायतालाई प्रभावकारी र संघीय संरचनाअनुकूल बनाउने सन्दर्भमा एकीकृत कानुनी सहायता नीति जारी गरिएको, निःशुल्क कानुनी सहायतासम्बन्धी छुट्टै विधेयक तर्जुमा गरी संसद्मा पेस गर्ने तयारी रहेको उनले जानकारी गराए । संघसंस्थाको दर्ता तथा सञ्चालनलाई संघीयताअनुकूल बनाउन नयाँ विधेयक तर्जुमाको गृहकार्य भइरहेको जानकारी गराउँदै प्रधानमन्त्री प्रचण्डले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ लाई महिलाको हकका विभिन्न आयामहरूलाई समेट्ने गरी परिमार्जन गर्ने कार्य सुरु भइसकेको बताए ।


**सर्टिफिकेट हरायो**

मिति २०८०/०४/०७ गते ठुलोभर्‍याङ देखि किर्तिपुर सम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माईग्रेशन सर्टिफिकेट हराएकोले भेटाउनुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाईदिनुहुन अनुरोध छ ।

**नाम : रोशन श्रेष्ठ**
**सिम्बोल नं. : २२७०६११६**
**रजिष्ट्रेशन नं. : ७६२७२३०८३**
**सम्पर्क : ९८५१३२९१४३**



**गजुरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गजुरी, धादिङ**
**वागमती प्रदेश, नेपाल**

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०५/१९**

यस गाउंपालिकाको निम्नानुसार बिभिन्न योजनाहरुको निर्माण कार्य यस आ.ब. २०८०/०८१ मा बोलपत्रद्वारा गर्नु पर्ने भएकोले योग्य, मान्यता प्राप्त तथा सम्बन्धित कार्यमा अनुभवी निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्बकको वोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३० औं दिन सम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको नगद रकम (पछि फिर्ता नहूने गरी) वुझाएको नगदी रसिद वा यस कार्यालयको खाता नं. १०५०१००३०१०१०००२ मा जम्मा गरेको भौचर, आ.व. ०८०/०८१ को लागि नविकरण भएको इजाजत पत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र, आ.व.०७८/०७९ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु र स्वघोषणा पत्र संलग्न राखी इच्छुक इजाजत प्राप्त निर्माण व्यावसायीले तेकिएको समयभित्र रित पुर्वक e-bidding को माध्यमद्धारा बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
२. खरिद भएका वोलपत्रहरुको प्रत्येक आइटम प्रस्टसंग भरी, निर्माण व्यवसायीले सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म e-bidding को माध्यमद्धारा पेश गर्न सकिनेछ र सोहि दिन १२:१५ बजे ठेक्का खोलिने छ ।
३. बोलपत्र फारमसाथ धरौटी वापत तल उल्लेखित जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंक गजुरी शाखामा रहेको धरौटी खाता नं. १०५०१००३०३००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा वोलपत्र पेश गर्ने अन्तिम मिति देखि ९० दिन म्याद भएको, मान्यता प्राप्त वैंकबाट वैंक ग्यारेन्टी (विड वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्वन्धमा राम्रोसंग वुझी, हेरी साइट निरीक्षण गरी बोलपत्र भरेको मानिने छ ।
५. वोलपत्रदाताले आफूले कबोल गरेको अंक मुल्य अभिवृद्धि कर वाहेकको हुनु पर्नेछ । मुल्य अभिवृद्धि करको रकम समेत एकमुष्ट भूक्तानी गरिने छ ।
६. वोलपत्रदाताको वोलपत्र स्वीकृत भएपछि नियमानुसार हुने रकम वरावरको नगद, वैंक भौचर वा सो वरावरको कम्तीमा योजना सम्पन्न हुने मितिबाट १३ महिना थप समयावधि सम्म मान्य हुने वैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।
७. कार्यालयको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
८. वोलपत्रमा आवश्यक कुनै संशोधन गर्नु परेमा यस कार्यालयको सूचनापाटीमा सूचित गरिनुको साथै गा.पा.को website: www.gajurimun.gov.np मा समेत हेर्न सकिनेछ ।
९. प्रचलित ऐन नियम अनूसार लाग्ने सम्पुर्ण करहरु वोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।
१०. सूचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ एवम् अन्य प्रचलित कानुन बमोजिम हुनेछ । संयुक्त उपक्रम (Joint Venture) मा काम गर्ने व्यवसायीको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ ।
१२. वोलपत्र खोल्ने दिन विदा परेमा सो पछि कार्यालय खोलेको दिन माथि उल्लेख भएको समयमा बोलपत्र खोलिनेछ ।
१३. यसमा लेखिएको हकमा यसै अनुसार र यस सुचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।
१४. वोलपत्र दाताहरुले e-bidding (PPMO को website: http:/bolpatra.gov.np) को माध्यमबाट मात्र यस प्रक्रियामा भाग लिन सकिने छ ।

**कामको विवरण**

| सि. न. | ठेक्का नं. | कामको विवरण | ल.ई रकम (मु.अ.कर र कन्टिन्जेन्सी बाहेक) | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | GRM/W/NCB-01/2080/081 | लप्से साङ्कोष वडा कार्यालय चिउरी भन्ज्याङ भदौरे भस्मेखर्क भालुखोप पेटारे सडक | १,२८,९५,५४५.५० | ३,५०,०००।०० | ३०००।० |
| २. | GRM/W/NCB-02/2080/081 | धोवीखोला अमले च्याङ्ली सडक स्तरोन्नती | ६८,९६,२४२.२२ | २,००,०००।०० | ३०००।० |
| ३. | GRM/W/NCB-03/2080/081 | पोखरेखोला भस्मे जरेबगैंचा सडक स्तरोन्नती | १,७२,४०,८०५.२२ | ५,००,०००।०० | ३०००।० |
| ४. | GRM/W/NCB-04/2080/081 | धोवीखोला अमले च्याङ्ली सडक स्तरोन्नती गजुरी १ र ५ | १,७२,४१,२८५.३८ | ५,००,०००।०० | ३०००।० |

**प्रमुख प्रशासकीय अधिकृत**



**तामाकोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जफे, दोलखा**

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८०/०५/१९ गते**

यस कार्यालयको तपसिल बनोजिमको निर्माण कार्य गर्न ईच्छुक ईजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले चालु आ.व २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत रितपुर्वक सार्वजनिक खरिद अनुगमन कार्यालयको EGP Portal www.bolpatra.gov/np मार्फत बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

(१) बोलपत्र सम्बन्धी अन्य शर्तहरू र विस्तृत सूचना www.tamakoshimun.gov.np मा हेर्न सकिने छ ।
(२) बोलपत्र फारम दाखिला अवधि सुचना प्रकाशन मितिले ३१ औं दिन दिनको १२ बजे र बोलपत्र खोल्ने सोही दिनको २ बजे हुनेछ ।
(३) अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. (भ्याट र उक सहित) | जमानत रू. | बोलपत्र दस्तुर रू. |
|---|---|---|---|---|---|
| 1 | (01/TRM/NCB/Works /R/2080-081) | Upgrading Works of Chhautara Kavrepani Hille Rautgaun Road | 1,94,86,394.9 | 4,87,000 | 3000/- |
| 2 | (02/TRM/NCB/Works /R/2080-081) | Upgrading Works of Janta School Seto Pahara Thamdeurali Road | 1,94,86,811.38 | 4,87,000 | 3,000/- |
| 3 | (03/TRM/NCB/Works /R/2080-081) | Upgrading Works of Malukhola Dandagaun Phyatal Chhaude Road | 97,41,643.92 | 2,43,500 | 3,000/- |
| 4 | (04/TRM/NCB/Works /R/2080-081) | Upgrading Works of Malukhola kholapari Road | 24,34,394.8 | 60,900 | 3000/- |
| 5 | (05/TRM/NCB/Works /R/2080-081) | Upgrading Works of Dandagaun Jogigaun Chhaude Road | 29,22,472.91 | 73,000 | 3000/- |
| 6 | (06/TRM/NCB/Works /R/2080-081) | Upgrading Works of Manedanda Chhaude Road | 2433942.75 | 60,900 | 3000/- |
| 7 | (07/TRM/NCB/Works /R/2080-081) | Upgrading Works of Dude Basbote Jamune to ward office Road | 24,33,932.66 | 60,900 | 3000/- |
| 8 | (08/TRM/NCB/Works /R/2080-081) | Upgrading Works of Dhade-Sitapaila Manedada Chhaude Deurali Road | 24,35,537.16 | 60,900 | 3000/- |
| 9 | (09/TRM/NCB/Works /W/2080-081) | Sahare Lifting Khanepani and Dobhan Sahare Project | 24,35366.10 | 60,900 | 3000/- |

**नोट :** अन्य कुराहरु यस कार्यालयको सूचना पार्टीमा तथा वेवसाइट www.tamakoshimun.gov.np मा उल्लेख गरिएको सूचना तथा अन्य प्रचलित ऐन,कानुन बमोजिम हुनेछन् ।

**प्रमुख प्रशासकिय अधिकृत**



**भावपूर्ण श्रद्धाञ्जली**



जन्म :
वि.सं. १९९४/०७/०५

स्वर्गारोहण:
वि.सं. २०८०/०५/०७

**स्व. जगत प्रसाद ढुंगेल**

आल्मुनियम व्यवसायी संघ नेपालका कोषध्यक्ष श्री कृष्ण प्रसाद ढुंगेलज्युका पुजनिय पिता जगत प्रसाद ढुंगेलको ८६ वर्षको उमेरमा भएको असामयिक निधन प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**आल्मुनियम व्यवसायी संघ नेपाल**
**परिवार**